स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मेडिसिटी अस्पतालमा अभिनेत्री पूजा शर्माको एपेन्डिक्सको शल्यक्रिया गरिएको छ । सामाजिक सञ्जालबाट स्वास्थ्य अवस्थाको जानकारी दिँदै उनले फोटो सेयर गरेकी छन् । 'सफलतापूर्वक अप्रेसन भएको छ र चाँडै स्वास्थ्य रिकभर भएकोमा म खुसी छु,' पूजाले लेखेकी छन्, 'अबको समय चाँडो निको हुन डाक्टरको सल्लाह पालना गर्ने र आराम गर्ने हो ।' कलाकार र विभिन्न क्षेत्रका व्यक्तिले पूजाको स्वास्थ्यलाभको कामना गरेका छन् ।

**आजको विचार...**



चीनको...
(दुई पेजमा)

कपिल लोहनी



अभिनेता प्रदीप खड्काले फिल्ममा 'लभर ब्वाई'को छवि बनाएका छन् । 'प्रेमगीत'पछि उनले यस्तै चरित्रलाई बढी प्राथमिकता दिए । 'प्रकाश'बाट भने आफ्नो 'कम्फर्ट जोन' त्यागेका उनले यसपछि चरित्रमा विविधता खोज्ने प्रयास गरिरहेका छन् । आगामी फिल्म 'पूजार सार्की'मा दमाहा बजाउने दमाईको भूमिका निर्वाह गरेका उनी नयाँ फिल्म 'पिताम्बर'मा एक्सन भूमिकामा प्रस्तुत हुँदैछन् । अब अर्को फिल्म 'एक्लो'मा प्रदीप अन्तरिक्ष यात्रीको भूमिकामा देखिने भएका छन् । सार्वजनिक गरिएको थिम पोस्टरमा एक अन्तरिक्ष यात्रीलाई चित्रित गरिएको छ ।

❒ वर्ष २९ ❒ अंक २५० ❒ २०८० चैत २७ गते मंगलबार 9 April 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### डुङ्गा दुर्घटना हुँदा ९१ को मृत्यु

(रासस/सिन्ह्वा)

**मापुतो, मोजाम्बिका,** चैत २६/ मोजाम्बिकको उत्तरी प्रान्त नाम्पुलाको मोजाम्बिक टापु नजिकै आइतबार अत्यधिक भार भएको एक डुङ्गा पल्टिँदा कम्तिमा ९१ जनाको मृत्यु भएको सरकारी रेडियो मोजाम्बिक (आरएम) ले जनाएको छ । रेडियोका अनुसार दुर्घटनामा ९१ जनाको मृत्यु भएको, ३० जना वेपत्ता रहेका र पाँच जनालाई जिवितै उद्धार गरिएको छ । दुर्घटनामा बालबालिका र महिलासमेतको मृत्यु भएको बताइएको छ । मोसुरिल जिल्लाबाट उडेको जहाजले १३० यात्रु बोकेको नाम्पुला प्रान्तका एक मन्त्री जैमे नेटोले जानकारी गराए । नेटोले आरएमलाई हैजाको प्रकोपको बारेमा गलत सूचनाका कारण आतङ्कित यात्रुहरूले आफ्नो मूल बाटो छोडेर उक्त डुङ्गामा चढेका र दुर्घटनामा परेका बताएका छन् । दुर्घटनामा परेको डुङ्गा धेरै मानिसहरू चढ्नको लागि नभई माछा मार्ने प्रयोजनको लागि तयार गरिएको भएता पनि हैजाको प्रकोपको बारेमा गलत सूचना आतङ्कका कारण उनीहरू हतारिएर निकै खचाखचरूपमा भरिएको उक्त डुङ्गामा चढेको नेटोले बताए । दुर्घटनामा परी बेपत्ता व्यक्तिहरूको खोजी जारी राख्दै दुर्घटनाको अनुसन्धान गर्न अधिकारीहरूले बहुक्षेत्रीय टोली गठन गरेका छन् ।

# कार्यस्थलमा हुने दुर्व्यवहार र हिंसा रोक्ने प्रतिवद्धता

## रामपुर नगर सरकारले आचारसंहिता लागु गर्ने

**हाम्रा संवाददाता**

**पाल्पा (रामपुर),** चैत २६/कार्यस्थलमा हुने सबै प्रकारका दुर्व्यवहार र लैंगिक हिंसा रोक्न जिल्लाको रामपुरमा प्रतिवद्धता व्यक्त गरिएको छ । रामपुरले नगरपालिकाले आयोजना गरेको कार्यस्थलमा हुने दुर्व्यवहारको आचारसंहिता र लैंगिक नीति सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सरोकारवाहरुले सबै प्रकारका दुर्व्यवहार र लैंगिक हिंसा रोक्ने प्रतिवद्धता जनाएका हुन् ।

पछिल्लो समय कार्यस्थलमा काम गर्ने कर्मचारी, कामदार तथा सेवाग्राहीहरु असुरक्षित हुने गरेका घटनाहरु बढ्दै गएका बेला रामपुर नगर सरकारले भने त्यस्ता गतिविधि हुन नदिनेप्रति चासो देखाएको छ । कार्यस्थलमा हुने गरेका सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था भए पनि त्यसको कार्यान्वयन नहुँदा दुर्व्यवहार र हिंसाका घटना हुने गरेका छन् । नगर सरकारले कार्यस्थलमा हुनसक्ने हिंसा



र दुर्व्यवहार रोक्न आंचारसंहिता बनाएर कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ । नगर सरकार मातहतका सबै कार्यालयहरुभित्र हुन सक्ने हिंसा र दुर्व्यवहारलाई निरुत्साहित गर्न जनप्रतिनिधि र कर्मचारीले प्रतिवद्धता जनाएका हुन् ।

कार्यक्रममा कार्यस्थलमा हुने हिंसा तथा यौनजन्य दुर्व्यवहारविरुद्ध आचारसंहिता बनाएर कार्यान्वयन गरिने कार्यवाहक नगरप्रमुख बालकुमारी थापाले बताइन् । उनले कार्यस्थलभित्र हुने हिंसा एवं दुर्व्यवहारको परिणामले कर्मचारी तथा श्रमिकमा हुने श्रम मनस्थिति बिग्रिएर विकास निर्माण र योजना कार्यान्वयनमा असर पर्नेतर्फ नगर सरकार सचेत रहेको धारणा व्यक्त गरिन् । कार्यवाहक प्रमुख थापाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई समेटेर बजेट निर्माण गर्ने समेत बताएकी छन् । उनले बजेट निर्माण गर्दा सबैलाई समेटेर गरे पनि शिर्षक नमिलाउँदा राज्यका विभिन्न निकायले गर्ने मूल्याङ्कनमा अंक कम आएको उल्लेख गरिन् ।

कार्यक्रममा वडा ९ का वडा अध्यक्ष डिलबहादुर रानाले आचारसंहिता निर्माण गरी लागु गरेर मात्रै हरेक दुर्व्यवहार अन्त्य नहुने भन्दै यसलाई व्यवहारिक रुपमा उतार्न सबैले कार्यान्वयनको पक्षमा ध्यान दिनु आवश्यक रहेको औँल्याए । यसैगरी रामपुर आयुर्वेद शाखाका प्रमुख चेमन प्रकाश पोखरेलले दुर्व्यवहार गर्न र सहन दुवै नहुने भन्दै यसको न्यूनिकरण र अन्त्य गर्न सबै लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापन कार्यक्रमका स्थानीय तह संयोजक सूर्य किसानले लैंगिक उत्तरदायी बजेट निर्माण, पद्धति, यसको आवश्यकता र महत्वका विषयमा सहजीकरण गरेका थिए । नगरपालिकाका महिला बालबालिका शाखा प्रमुख पुजा परियारले कार्यस्थलमा हुने सबै प्रकारका दुर्व्यवहारको आचारसंहिताको विषयमा सहजीकरण गरेकी थिइन् । कार्यक्रममा कार्यालयमा हुने दुर्व्यवहार न्यूनिकरण र अन्त्यका लागि आचारसंहिता र लैंगिक समानता तथा सामाजिक समावेशीकरणयुक्त बजेट निर्माण सम्बन्धी व्यापक छलफल भएको थियो । कार्यवाहक नगरप्रमुख बालकुमारी थापाको अध्यक्षता, महिला बालबालिका शाखा प्रमुख पुजा परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## सडकबाट उद्धार गरिएका वृद्धको मृत्यु




**पाल्पा,** चैत २६/सडकबाट उद्धार गरी उपचारका लागि अस्पताल पठाइएका एक वृद्धको मृत्यु भएको छ । पाल्पाको तिनाउ गाउँपालिका-३ स्थित सिद्धार्थ राजमार्ग सडक छेउको नालिमा अचेत अवस्थामा भेटिएका वृद्धको उद्धार गरी लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाइएकोमा सोमबार मृत्यु भएको हो ।

मृत्यु हुनेमा स्याङ्जाको भिरकोट नगरपालिका घर भई हाल रुपन्देही बुटवल उपमहानगरपालिका-१३ बेलबास बस्ने ७० वर्षीया किसान विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । उनका अनुसार ति वृद्ध सडक छेउको नालीमा घोप्टो परेको अवस्थामा अचेत भेटिएका थिए । उनको प्रहरी चौकी दोभानबाट खटेको प्रहरी टोलीले उद्धार गरी उपचारको लागि प्रादेशिक अस्पताल पठाएको थियो । अस्पतालले चेकजाँच पछि मृत घोषणा गरेको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए ।

# सडक पहुँचले नागरिकको जीवनशैली फेरिँदै

**ढोरपाटन (बागलुङ),** चैत २६/ करिब एक दशक अघिसम्म बागलुङका धेरै बस्तीमा मोटरेबल सडकको पहुँच नै थिएन । केही बजारी क्षेत्रमा कच्ची सडकको पहुँच पुगे पनि ग्रामीण क्षेत्रमा यातायतको सुविधा पुग्न सकेको थिएन ।


संघीयता कार्यान्वयनपछि स्थापना भएको स्थानीय तहले पहिलो प्राथमिकतामा सडकमार्गलाई राखेपछि यतिबेला यहाँका १० वटै पालिकाका बस्तीमा सडकको पहुँच पुगेको छ । दुरदराजका बस्तीसम्म सडक पुर्‍याएपछि अहिले केही विकट बस्तीमा बाहेक अधिकांश स्थानमा गाडी गुड्न थालेका छन् । घरै अगाडिबाट गाडी गुड्न थालेपछि यहाँका पाका मानिसहरु दङ्ग छन् । जिल्लाको सबैभन्दा विकट मानिने निसीखोला, तमानखोला, ढोरपाटन, ताराखोला लगायतका क्षेत्रमा कच्ची मात्रै होइन पक्की सडक पनि धमाधम निर्माण भइरहेका छन् । जसले स्थानीयको जीवनस्तरनै बदलिन थालेको छ ।




ढोरपाटन नगरपालिका-६ पुरानो गाउँमा चालु आर्थिक वर्षमा पहिलो पटक मोटरबाटो पुग्यो । यसभन्दा अगाडि बजारबाट सामान ढुवानी गर्न घोडा खच्चडकै भरपर्नु पर्ने स्थानीयको बाध्यता हट्यो । निकै विकट मानिने पुरानो गाउँमा ढोरपाटन नगरपालिकाले यसवर्ष करिब २० लाखको लागतमा सडक निर्माण गरेको हो । करिब एक घण्टाको दुरीमा रहेका गाडीखोला र मोराङ गाउँमा वर्षौं पहिले सडक पुगे पनि पुरानो गाउँमा पुग्न सकेको थियो । गाउँमा सडक पुगेपछि हिजोआज दैनिक गाडी गुड्न थालेका छन् । गाउँमा सडक पुग्नुभन्दा पहिले यहाँका हजारौँ नागरिकले बजारबाट सामान ढुवानी गर्दा साह्रै समस्या खेप्ने गरेको भन्दै गाउँमा कोही बिरामी पर्दा बोकेरै अस्पताल पुर्‍याउनुपर्ने बाध्यता थियो । मोटरबाटोले स्थानीयवासीको वर्षौंदेखिको समस्या समाधान गरेको स्थानीय कुलबहादुर बढा मगरले बताए । गाउँमा अधिकांश स्थानीय कृषि र पशुपालनमा आवद्ध रहेको हुँदा अब यहाँ उत्पादन भएका वस्तु बजारसम्म पुर्‍याउन र बजारबाट सामान ल्याउन सहज हुने बुढा मगरको भनाइ छ । अब दोकानबाट सामान ल्याउन मान्छेले बोक्नु नपर्ने उनी बताउन्छन् । यसभन्दा अगाडि छिमेकी गाउँमा सडक आएको सुनाउँदै यसवर्ष बल्ल सरकारले यस क्षेत्रका नागरिकको समस्या बुझेर सडक पुर्‍याइदिएको बुढा मगरको भनाइ छ । उनले भने, 'यो गाउँमा धेरै पहिलेनै सडक आउनुपर्ने हो तर विकटताका कारण अहिलेसम्म जोडिन सकेको थिएन, गाउँलेहरुले धेरै पटक सरकारलाई आग्रह गरेका थिए, यसपाली बल्ल आयो, धेरै खुसी लागेको छ, हामी वन जंगलमा घाँस दाउरा गर्ने, पशु पाल्ने र खेती किसानी गर्नेलाई बजार जाँदाआउँदा गाडीको सुविधा हुने भयो, पहिला सबै सामान बोकेर ल्याउँथ्यौँ, बजारमा पुग्न तीन/चार घण्टा लाग्थ्यो अब त छिट्टै पुग्न सकिने भयो ।'

(...बाँकी अन्तिम पेजमा)

## सन्तोष चलचित्र मन्दिरमा...



**सन्तोष चलचित्र मन्दिर तानसेनमा आज चैत २३ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र दैनिक २ शो 'बद्री बहादुर' र १ शो चलचित्र 'महाजात्रा' प्रदर्शन भइरहेको छ ।**

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे नेपाली चलचित्र* ***'बद्री बहादुर'***
*कलाकारहरु (धिरेन शाक्य, पूजा शर्मा, सलोन बस्नेत, जयकिशन बस्नेत)*
*र तेश्रो सो साझ ५:३० बजे चलचित्र* ***'महाजात्रा'***
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## 'बहुउपयोगी नीम' उपयोग गरौं

आयुर्वेदिक गुणले भरिपूर्ण नीम स्वास्थ्यवर्द्धक जडिबुटी हो । नीमको रुखका हेरक भाग औषधिका रुपमा आयुर्वेद विज्ञानमा प्रयोग गरिन्छ । यसको बोक्रा, जरा, पात आदिबाट औषधि बनाइन्छ । नीमलाई तीतो अमृतका रूपमा चिनिन्छ । नयाँ वर्ष सुरु हुन अगावै विगतका वर्षाको तितोपनालाई चपाएर आउँदो वर्षाको मिठासको पर्खाईलाई नीमको पात खाने चलनले बिम्बका रूपमा बुझाउँछ । आज त्यही नीमको पात खाने दिन पनि हो । नीम प्राचिनकालदेखि नै एउटा आयुर्वेदिक औषधिका रूपमा प्रयोग हुँदै आइरहेको छ । यो स्वास्थ्यको लागि धेरै किसिमले फाइदाजनक छ । नीम, हाम्रो शरीर, छाला तथा कपालका लागि अत्यन्तै फाइदाजनक औषधि हो । नीममा भएको एन्टी इन्फ्लेमेट्री तत्वले चाया, डण्डीफोर आदिलाई नियन्त्रण गर्नुका साथै यसको नियमित प्रयोगले स्पास्थ्यलाई राम्रो गर्दछ । यसको जुसले अनुहार तथा शरीरको छालाको रङ्ग निखार्नमा विशेष भूमिका खेल्ने आयुर्वेद विज्ञानमा उल्लेख छ । नीमको पातहरूको रस र शुद्ध महलाई दुई भाग नीमको रस र एक भाग मह अनुपातमा मिलाएर पिउनाले असाध्यै फाइदा गर्दछ । यसरी नीमको पात चपाउने गर्दा हाम्रो शरीरको भित्री र बाहिरी दुवै तर्फ स्वास्थ्यकर हुने जनविश्वास र प्रौराणिक मान्यता छ ।

आयुर्वेदमा नीमलाई विभिन्न रोगनाशक अत्यन्त गुणकारी औषधि मानिएको छ । नीमलाई 'औषधि बनाउने रुख'को संज्ञासमेत दिइन्छ । यो एन्टिसेप्टिक, एन्टिबायोटिक, पीडानाशक, कृमिनाशक, जीवाणुरोधी, फंगलविरोधी, चर्मरोगनाशक हुन्छ । यसका विभिन्न भागमा १ सय ४० भन्दा बढी यौगिक पाइन्छ । यसको पात, फूल, बीउ, जरा औषधीय गुणले भरपूर हुन्छन् । नीमले रोगप्रतिरोधी शक्ति बढाई सुन्नाइ कम गरेर, मुक्त कणलाई हटाएर, हार्मोनल गतिविधिलाई रोकेर र कोषिका विभाजनमा बाधा उत्पन्न गरेर क्यान्सरको उपचारमा सघाउछ । यस्तै एउटा अर्को यसमा औलोविरुद्धको गुण हुन्छ । यसको पातले औलोविरुद्ध लडन सघाउँछ । अनुहारमा बारम्बार डन्डीफोर वा ब्ल्याकहेड हुँदा नीमको पातको प्रयोग गरे आराम मिल्छ । निमको पानीले अनुहार धुँदा यो समस्या कम हुन्छ । नीमले पसिनाको दुर्गन्ध समेत हटाउछ । शरीरको ओसिलो भागमा ब्याक्टेरिया उत्पन्न हुने गर्नाले दुर्गन्ध हुन्छ । यस्तोमा नीमको पानीले शरीर पखाल्ने वा पुछपाछ गर्ने गरे यस्तो समस्या हट्छ । यसका थुप्रै फाइदाहरु छन् । नीमलाई सहि रुपमा पहिचान गरी उपयोग गर्न सके स्वास्थ्यलाई धेरै हद स्वस्थ राख्न सकिन्छ । यसर्थ बहुउपयोगीका रुपमा रहेको नीमलाई उपयोग गर्ने दिशामा सबैको ध्यान जाओस् ।

## Opinion @ Social Network


खुल्ला मनले बोल्ने बानी छ, त्यसैले धेरै दोस पाउने गर्छु
यदी सत्यता लुकाएर बोलेको भए सायद धेरैको प्यारो हुन्थे होला ।
*(सानु देवकोटाको फेसबुक स्टाटसबाट https://www.facebook.com/sonu.devkota)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चीनको पिङपङ र पाण्डा कुटनीतिबाट के सिक्ने ?



**कपिल लोहनी**

सन् १९४९ मा चीनमा भएको क्रान्ति पश्चात् बनेको कम्युनिष्ट शासन व्यवस्था लगत्तै चीन र अमेरिकाको सम्बन्ध ज्यादै नै बिग्रन गएको थियो । एक त रुस पछिको विशाल कम्युनिष्ट मुलुकको स्थापना भएको र अर्कोतर्फ चीनले तिव्वतलाई आफ्नो भूभागमा गाभेको, उत्तर कोरिया र उत्तर भियतनामलाई समर्थन गरेको, तथा भारत र अन्य छिमेकीका साथै दक्षिणी चिनी समुद्रमा समेत हक जमाउन थालेको अनुभूत गरेपछि अमेरिका र उसका समर्थक राष्ट्रहरूको नजरमा चीन एक आक्रामक र शंकास्पद मुलुकमा दरिन गयो । यहिबेला चीनको फर्मोसा टापुमा चीनबाट भागेर गएर कोमिङ्ताङ पार्टीका नेता च्याङ्काई सेकले नयाँ राष्ट्र ताइवान बनाए पछि अमेरिकाले सो राष्ट्रको समर्थन गर्‍यो र सैनिक बेडासमेत लगेर राख्यो । यसरी चीन र अमेरिका बीचको कुटनीतिक सम्बन्ध पुरै बिग्रन गएर दुवै मुलुकका नागरिकको आवत जावत समेत निकै वर्षसम्म बन्द भयो । त्यति मात्र होइन, केही समय पछि त साम्यवादकै फरक पथ अवलम्बन गर्दै जानाले चीनको सम्बन्ध रुससँग पनि बिग्रन थाल्यो । दुई मुलुक बीचको सिमानाहरूमा तनाव बढ्दै जान थाल्यो । यो अवस्थामा चीनको विकासको निम्ति आवश्यक प्रविधि कतैबाट पनि भित्रिन नसकेर सबै कुरा चीनले आफैं अविश्कार गर्नु पर्ने परिस्थितिको सिर्जना भयो, जुन सम्भव कुरा थिएन । यस्तो एक्लोपनाको कारण चीनको निर्यातमा पनि प्रश्न चिन्ह लाग्न थाल्यो ।

उता चीनको कम्युनिष्ट पार्टीका अध्यक्ष तथा चीनका सर्वशक्तिमान नेता माओ त्सेतुङ चिनी जनसंघर्षको क्रान्ति र स्वावलम्बनका निकै अनुभवी नायक भए तापनि चीन जस्तो विशाल राष्ट्रको चौतर्फी विकासको आधुनिक मोडल निर्माण गर्न भने उनको सिमित शिक्षा र अनुभवले पुगेन । बरु बुढा हुँदै गएपछि उनलाई उनकी पत्नी च्याङ चीङ र अन्य सहयोगी (ग्याङ अफ फोर)ले घेराबन्दीमा पारेर उनको नाममा शत्रु सफाया गर्न सांस्कृतिक क्रान्तिको नाटक रचेर मुलुकलाई तहस नहसको बाटोमा लगे । तर यस्तो बेलामा पनि चाउ एनलाई जस्ता सुशिक्षित तथा अनुभवी र शालिन प्रधानमन्त्री चीनमा भएकाले उनले माओलाई सम्हालेर चीनलाई अघि बढ्न विशाल आन्तकि कुटनीतिको प्रयोग गर्न सफल भए । त्यतिबेला तेङ शियाओ पिङ जस्ता विदेशमा अध्ययन गरेका कुशल नेताहरूलाई ओझेलमा पारिँदा पनि चाउले निकै हदसम्म उनीहरूलाई जोगाउँदै र माओको चित्त बुझाउँदै उनीहरूलाई उच्च ओहदामा रहेर काम गर्ने माहोल बनाइदिएका थिए । पत्नीको खराब जालोमा जकडिए पनि माओ आफ्ना शत्रु भनिएका तेङ जस्ताका असल गुणसँग परिचित थिए । सायद चीनमा त्यतिबेला चाउ एनलाई जस्ता व्यावहारिक र विद्वान व्यक्ति नभएका भए चीन आजको बर्मा जस्तै भताभुंगे राष्ट्र हुन पुग्थ्यो होला । यति विशाल मुलुकमा एकापसमा अविश्वास र षडयन्त्रको परिस्थिति बन्न पुगेको भए यसको नकारात्मक प्रभाव विश्वमा नै पर्न जाने थियो । चाउ एनलाईको बुद्धिमत्ताले गर्दा माओलाई शासन गर्न निकै सजिलो भएको थियो । चाउकै कोशिश र पिङपङ कुटनीतिको अवधारणाले गर्दा सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको चीन भ्रमण हुन सकेको थियो । निक्सनको सो ऐतिहासिक भ्रमणको बेला चीनको स्टेट हलमा आयोजित व्याङ्क्वेट डिनरमा माओले परको टेबुलमा बसेर खाना खाइरहेको तेङलाई देखाउँदै निक्सनको कानमा 'यु सि द्याट लिटल म्यान? भेरी इन्टेलिजेन्ट !' भनेका थिए रे । यो कुराले त्यतिबेला निकै चर्चा पाएको थियो । माओमा आफ्ना मानिसको खुबी र बुद्धिमत्ताको लेखाजोखा गर्ने ठूलो क्षमता थियो । आखिर पछि त्यही 'लिटल म्यान' तेङको नेतृत्वमा बिरालो सेतो वा कालो छ भन्ने कुरासँग सरोकार राख्नु हुँदैन, बरु त्यसले मुसा मार्न भने सक्नु पर्छ' भन्ने निकै कुटनीतिक चातुर्यपूर्ण उक्तिका साथ साम्यवादलाई नरम र परिमार्जित बनाउँदै उनले देखाएको विकासको पथ पछ्याएर चीन आज विश्वको दोश्रो ठूलो अर्थतन्त्र बन्न पुगेको छ । आजको समयमा उनीहरूकै पथप्रदर्शनलाई पछ्याउँदै सि जिन पिङ अर्का महान् नेता भएर निस्केका छन् । रुस जस्तो पहिलो र विशाल साम्यवादी राष्ट्रसँगको नराम्रो सम्बन्ध र अमेरिका तथा बाँकी पश्चिमा राष्ट्रबाट टाढिएको चीनले सन् ६०को अन्ततिर यी सबै राष्ट्रसँगको आफ्नो सम्बन्धमा सुधार ल्याएर व्यापार बढाउनुका साथै प्रविधि र लगानी भित्राउने सोच राख्न थाले पछि विभिन्न उपाय बारे छलफल प्रारम्भ भयो र एउटा विकल्पको रूपमा पिङपङ डिप्लोमेसी शुरु गर्ने निधो गर्‍यो ।

हुन त पिङपङ यानी टेबुलटेनिस खेलको शुरुवात १९औं शताब्दीमा बेलायतले गरेको भए तापनि यो खेलमा पछि चीन विशेष माहिर बन्न पुग्यो । यसको शुरुवाती चरणमा नै ब्याटले सानो तथा हलुका बललाई हिर्काउँदा 'पिङ' र सो बल टेबुलमा लाग्दा 'पङ' जस्तो आवाज सुनिने भएकोले यसको नाम पिङपङ रहन गयो र पछि मात्र यो खेललाई टेनिससँग मिल्दो जुल्दो भएकोले टेबुलटेनिस भनिन थाल्यो । सानो टेबुलमा घरभित्रै खेल्न सकिने रमाइलो खेल भएकोले टेबुलटेनिस विश्वभर नै रुचाइने खेल हो । अमेरिकामा पनि पिङपङ खेल लोकप्रिय भएको र त्यहाँ पनि विश्वस्तरका खेलाडी भएको र उसले विश्वस्तरीय टुर्नामेन्टहरूमा भाग लिइरहने भएकोले जापानमा सन् १९७० को प्रारम्भमा आयोजना गरिएको विश्व च्याम्पियनशीपको दौरान चीनले अमेरिकी खेलाडीलाई चीनमा खेल्न आमन्त्रण गर्‍यो । यही समयदेखि चीन र अमेरिकामा यी दुई देशका पिङपङका खेलाडीहरू आवतजावत गर्न थाले । त्यसपछि दुई देशबीचको ठप्प भएको सम्बन्धमा केही सुधारको संकेत देखिन थालेकोले यो नयाँ कुटनीतिक पहललाई 'पिङपङ डिप्लोमेसी' भन्न थालिएको हो र यो कुटनीतिक शब्दावली पछि विश्वमा निकै लोकप्रिय बन्न पुगेको हो । चीनले दुई देश बीचको खस्केको सम्बन्ध सुधार्नमा खेलकुदको ठूलो भूमिका हुन्छ भन्ने कुरा पनि साबित गरेको थियो यो कुटनीतिक पहलबाट । पछि चीन र अमेरिका बीच खेलाडीको मात्र ओहोरदोहोर नभएर सन् १९७१ मा अमेरिकी विदेश मन्त्री हेनरी किसिन्जरको चीनको गोप्य भ्रमण र सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको चीनको औपचारिक भ्रमण नै हुन सक्यो भने विगत २० वर्षदेखि बिग्रिएको चीन र अमेरिकाको सम्बन्धमा आमुल सुधार आउन थाल्यो । यो ऐतिहासिक भ्रमण पश्चात् चीनमाथि लगाइएका प्रतिबन्धहरू फुकाउन र चीन र अमेरिका बीचको सम्बन्धमा निकै धेरै सुधार ल्याउन पिङपङ कुटनीतिले ठूलो भूमिका खेल्न सक्यो । त्यस्तै ताइवान चीनको अभिन्न अङ्ग हो भन्ने कुरामा पनि अमेरिका सहमत भयो । सन् १९७२ को अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको चीन भ्रमणकै बेलामा अध्यक्ष माओ त्सेतुङले अमेरिकालाई २ वटा पाण्डा उपहार स्वरुप प्रदान गरेका थिए भने अमेरिकाले पनि चीनलाई कस्तुरी भैं विशेष बास्नादार नश्लका २ साँडेहरू उपहारमा पठाएको थियो । यसरी पिङपङ कुटनीतिले अमेरिका र चीनको पुनर्मिलन भएको थियो भने पाण्डा कुटनीतिले दुई देश बीचको सम्बन्धमा अझ बढी सुधार ल्याएको थियो । केही समय अघि अमेरिकाको लागि चीनका तत्कालीन राजदूतले वासिंग्टन पोष्टलाई दिएको एक अन्तर्वार्तामा 'अमेरिकामा चीनका दुई राजदूतहरू छन्- एकजना म र अर्को राजदूत पाण्डा हो' भनेका थिए रे ।

चीनले खासगरी सन् १९४१ देखि १९८४ सम्म विभिन्न मुलुकहरूलाई जायन्ट पाण्डा उपहार स्वरुप प्रदान गरेको थियो । सन् १९४१ मा जापानले चीनलाई आफ्नो साम्राज्य बनाइरहेको बेलामा त्यहाँको राष्ट्रवादी पार्टी कुवोमिन्ताङको समर्थनमा अमेरिकाले निकै धेरै मद्दत गरेको थियो । सोही सम्बन्धले गर्दा च्याङ काइशेककी पत्नी च्याङले अमेरिकालाई २ वटा पाण्डा उपहार पठाएकी थिइन् । मित्रराष्ट्रहरूलाई उपहार पठाउने क्रम चीनमा साम्यवादको शुरुवात भएपछि पनि कायमै रह्यो । चीनले त्यतिबेला रुस, अमेरिका, बेलायत, उत्तर कोरिया लगायत ९ मुलुकमा २४ वटा पाण्डा उपहार स्वरुप पठायो, र यसबाट ती मुलुकसँगको सम्बन्ध सुधारमा निकै मद्दत पुग्यो । सन् १९८४ देखि भने चीनले पाण्डा उपहारको रूपमा सित्तै पठाउने क्रमलाई बन्द गरेर पाण्डा कुटनीतिको नयाँ संस्करणको रूपमा निश्चित समयको लागि पाण्डा सापटमा पठाउन थाल्यो । दश वर्षको निम्ति सापटमा पठाइने एक जोडी ( भाले र पोथी) पाण्डाको निम्ति सापट लिने मुलुकले वर्षको १० लाख डलर चीनलाई बुझाउनु पर्छ भने यी पाण्डाबाट जन्मेका बच्चा पनि चीन कै हुन्छन् । यसरी प्रत्येक पाण्डा १० वर्षसम्म सापटमा दिएर आएको प्रत्येक जोडीको १० लाख डलर चीनले पाण्डा संरक्षणमा नै खर्च गर्दछ । सापट लिने मुलुकले पनि आफ्ना चिडियाखानामा पाण्डा हेर्न आउने मानिसबाट ठूलै धनरासी कमाउँछन् । त्यस्तै त्यहाँका जीववैज्ञानिकहरूले स्वदेशमा नै अनुसन्धान गर्ने अवसर पनि पाउँछन् । १० वर्ष राखेका पाण्डा फिर्ता गर्ने र नयाँ पाण्डा सापट लिने क्रम चलिरहेको हुन्छ । हाल विश्वका विभिन्न मुलुकहरूमा चीनले सापटीमा दिएका पाण्डाहरूको १० वर्षे म्याद सकिन थालेको छ । क्यानाडाले भने १० वर्षे म्याद सकिनु भन्दा केही वर्ष अगावै नै बाँसजन्य खुराकी नपाएर २ वटा पाण्डा चीनलाई फिर्ता गर्‍यो । रुसले भने चीनबाट सन् २०१९ मा १५ वर्षको निम्ति पाण्डा सापटमा पाएको छ । अमेरिका, बेलायत, अष्ट्रेलिया, जापान, नेदरल्याण्ड्स आदि राष्ट्रसँग हाल चीनको खासगरी व्यापारिक प्रतिष्पर्धाका कारण सम्बन्ध बिग्रने क्रम बढेको छ । त्यसैले यी मुलुकहरू आफुले सापटीमा पाएका पाण्डाहरूको म्याद सकिँदै जाँदा फिर्ता गर्दैछन् । सम्बन्धमा सुधारको निम्ति ती पाण्डाहरूको सापटी अवधि बढाउन वा नयाँ पाण्डा सापटमा लिने अवस्था जहिले पनि रहि नै हाल्छ । जायन्ट पाण्डा विश्वमा नै लोप हुन लागेको एक प्रकारको भालुको प्रजाति भएकोले यो त्यतिबेला मात्र होइन, आज पनि दुर्लभ र लोपोन्मुख जन्तुमा नै गनिन्छ र खासगरी पुर्वी चीनमा पाइन्छ । पाण्डा एक्लै बस्न रुचाउने जनावर हो । टाउकोमा सेतो फर र आँखा वरीपरी कालो घेरा हुने बाटुलो टाउको र सेतो कालो शरीर भएको निकै माया लाग्दो बालसुलभ यो जन्तुलाई देखे पछि बच्चा, वयस्क र वृद्ध सबै उमेरका मानिसहरूको मुहारमा खुशी जागेर आउँछ । आज विश्वमा १,८६४ वटा पाण्डा खुला जंगलमा र ६०० वटा जति विभिन्न चिडियाखाना र प्रजनन केन्द्रहरूमा रहेका छन् ।

नेपाल लगायत पुर्वी हिमालय र दक्षिण-पश्चिमी चीनका उच्च पहाडी भिरालामा रातो पाण्डा यानी हाब्रे पाइन्छ । यसको रङ रातो-खैरो हुनुका साथै पेट र छातीको भाग कालो हुन्छ र मुख, कान र आँखामा सेतो भुवा हुन्छ । साथै यो जायण्ट पाण्डा भन्दा सानो र साह्रै लजालु स्वभावको हुन्छ । जायन्ट पाण्डा भालु परिवारमा पर्दछ भने रेड पाण्डा बिरालोसँग मिल्दोजुल्दो हुन्छ । रातो पाण्डा खासगरी कलिलो बाँस र निगालोका टुसा र पात तथा मालिङ्गो र फलफुल खाएर बाँच्दछ भने जायन्ट पाण्डा कलिलो बाँस र यसको पात नै खाएर बाँच्दछ । विश्वमा नै १०,००० को हाराहारीमा रहेको रेड पाण्डाको संख्या भारतमा करिव ६,०००, नेपालमा करिव ३०० र चीनमा १,६०० वटा जति छ भने बाँकी भुटान र म्यानमारमा छन् । यो लोपोन्मुख प्राणीको पंक्तिमा पर्दछ । नेपालमा रेड पाण्डाको संरक्षणको निम्ति अपि, खप्तड, रारा, अन्नपुर्ण, मनास्लु, लाङटाङ, गौरीशंकर, सगरमाथा, मकालु र कञ्चनजैा गरी १० हिमाली भेगका राष्ट्रिय निकुञ्जहरू छुट्याइएका छन् । लाङटाङ क्षेत्रमा भने यसको संख्या अधिक छ । तर वनजंगलल मासिने क्रम बढ्दै जानाले र यसले खाने खानाको प्रकार पनि निकै सिमित हुने भएको कारणले यो एकै ठाउँमा रहन वाध्य हुन्छ र यसको संख्या पनि घट्ने अवस्थामा छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक र सांस्कृतिक क्षेत्रमा भ्रमण हुनेछ । भाग्यमा वृद्धि हुनेछ । | **तुला** : मनमा हर्ष र उत्साह छाउनेछ । वैदेशिक क्षेत्रबाट राम्रो हुनेछ । |
| **वृष** : धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । | **वृश्चिक** : आज भाग्यमा वृद्धि हुनेछ । नयाँ र शुभ समाचार सुन्न पाइनेछ । |
| **मिथुन** : आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । | **धनु** : कुनै कुराले मनमा शान्ति छाउनेछ । कार्यबाट सफलता मिल्नेछ । |
| **कर्कट** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । | **मकर** : संचार माध्यमबाट शुभ समाचार प्राप्त हुनेछ । छोटो यात्रा पनि हुनेछ । |
| **सिंह** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्, तर बुद्धिमा ह्रास आउन सक्छ । | **कुम्भ** : दैनिक कार्यहरूमा प्रगति हुनेछ । शैक्षिक क्षेत्र पनि राम्रै रहला । |
| **कन्या** : मन मनमा अशान्ति र गलत आचरणतर्फ मनजान सक्छ । | **मीन** : गरेको काममा ढिलासुस्ती हुनेछ । खर्चको मात्रामा पनि वृद्धि हुनसक्छ । |




# कति छ पृथ्वीको वजन ? वैज्ञानिकहरू बीचमै विवाद



पृथ्वीमा चट्टान तथा धातु जस्ता विभिन्न अजैविक पदार्थका साथै जिवजन्तु लगायतका विभिन्न जैविक तत्वहरु पनि छन् । यसका साथै अनगिन्ती मानव निर्मित तथा प्राकृतिक संरचनाहरु पनि यहाँ छन् । हरेक वर्ष मानव निर्मित संरचनाहरुको संख्या वृद्धि भइरहेको छ । यस्तो अवस्थामा हाम्रो पृथ्वीको कुल वजन आखिर कति होला ? यसको जवाफमा हालसम्म पनि सबैको मतैक्य हुन सकेको छैन । वास्तवमा पृथ्वीको वजन उसको गुरुत्वाकर्षण शक्तिमा निर्भर गर्दछ । अर्थात् यसको वजन लाखौं करोड किलोग्राम हुनसक्छ । यदि नासाको दावीलाई मान्ने हो भने पृथ्वीको वजन ५.९७२२ गुणा १०२४ केजी छ । यसलाई १३.१ सेप्टिलियन पाउण्ड पनि भनिन्छ ।

उसो त पृथ्वीको वजन केही तलमाथि भइनै रहन्छ । यसो हुनुमा अन्तरिक्षबाट आउने धुलो तथा वायुमण्डलबाट बाहिर निस्किने विभिन्न प्रकारका ग्याँसहरू हुन् । तथापि यसबाट हाम्रो ग्रहको वजनमा अर्बौं वर्षसम्म ठूलो अन्तर पनि आउने छैन । विश्वका भूवैज्ञानिकहरु आज पनि पृथ्वीको यकिन वजनका विषयमा एकमत छैनन् । किनकि कसैले पनि कुल वजनको सटिक तथ्यांक दिन सकेका छैनन् । वैज्ञानिकहरुको बीचमा वजनलाई लिएर दशमलबका अंकसम्मको बहस छेडिन्छ । पृथ्वीको सटिक वजन त निकाल्न सकिने कुरा भएन । अमेरिकाको नेशनल इन्स्टिच्यूट अफ स्टाण्डर्ड एण्ड टेक्नोलोजीका नापतौल विज्ञ स्टिफन श्लेमिंगरका अनुसार यसमा न्युटनको गुरुत्वाकर्षणको नियम लागु हुन्छ । अर्थात् पृथ्वीमा रहेका हरकोही चिजको वजन भनेको उसको गुरुत्वाकर्षण शक्ति हो । यसका अलावा दुईवटा फरक-फरक वस्तुहरुको बीचमा पनि यस्तो शक्ति विद्यमान हुन्छ । यही सुत्रबाट दुईवटा वस्तुहरुको बीचको गुरुत्वाकर्षण शक्तिको मापन गरिन्छ र उसको वजन निकालिन्छ । यसका लागि दुई वस्तुहरु बीचको दूरी तथा गुरुत्वाकर्षण शक्तिको गणना गरिन्छ ।

**केभेन्डिस सुत्रबाट वजनको गणना**

यो सुत्र अनुसार नै वैज्ञानिकहरुले पृथ्वीको वजनको गणना गरे । तर यसमा पनि एउटा समस्या छ, त्यो के भने उक्त वजन पृथ्वीको सतहबाट लिइएको हो । यद्यपि कसैले पनि G number को सही मान पत्ता लगाएनन् । सन् १७९७ मा वैज्ञानिक हेनरी केभिन्डिसले यो काममा ठूलो उपलब्धि हासिल गरे । जस अनुसार पृथ्वीको वजन १३.१ सेप्टिलियन पाउण्ड रहेको छ ।

अहिले पनि केभेन्डिस सुत्रबाटै पृथ्वीको वजन मापन गरिन्छ । यसका बाबजुत वैज्ञानिकहरुबीच पृथ्वीको सही वजनलाई लिएर विवाद छ, असहमति छ । तथापि जबसम्म सही वजन थाहा हुँदैन, तबसम्म ५.९७२२ गुणा १०२४ केजी नै पृथ्वीको वजन हो ।

*-अनलाइन खबर डटकम*

# ट्विटरले घटाउँदैछ तपाईंको फ्लोअर्स संख्या




एलन मस्कको माइक्रो ब्लगिङ प्लेटफर्म ट्विटरमा रहेको स्प्याम र बट खाता मेटाउन चाहन्छन्, त्यसैले कम्पनीले आफ्ना प्रयोगकर्तालाई आफ्ना फलोअरको संख्या कम हुन सक्ने जानकारी दिएको छ । ट्विटरमा धेरै बटहरू छन् अर्थात् नक्कली खाता प्रयोगकर्ताहरू छन् । धेरै बट खाताहरू वास्तविक र सामान्य प्रयोगकर्ताहरूको अनुयायीहरू बीचमा उपस्थित छन्, तर प्रयोगकर्ताहरू यस बारे सचेत पनि छैनन् ।

एलन मस्कले आफ्नो प्लेटफर्म अर्थात् सुरक्षा खाता मार्फत यो नयाँ चाल घोषणा गरेका छन् । कम्पनीले गत बिहीबारदेखि यस विषयमा काम गर्न थालेको छ र एक्सको नियम उल्लैन गर्ने सबै खातालाई आफ्नो प्लेटफर्मबाट हटाउन सुरु गरेको छ । एलन मस्कले आफ्नो प्लेटफर्म अर्थात् सुरक्षा खाता मार्फत यो नयाँ चाल घोषणा गरेका छन् । कम्पनीले गत बिहीबारदेखि यस विषयमा काम गर्न थालेको छ र एक्सको नियम उल्लंघन गर्ने सबै खातालाई आफ्नो प्लेटफर्मबाट हटाउन सुरु गरेको छ ।

यो घोषणा गर्दै एक्स सेफ्टी खातामार्फत एउटा पोष्ट सार्बजनिक गरिएको छ, 'आज, हामी प्लेटफर्ममा हेरफेर र स्प्याम विरुद्ध हाम्रा नियमहरू उल्लंघन गर्ने खाता हटाउन महत्त्वपूर्ण र सक्रिय पहल सुरु गर्दैछौं । हामी यो सुनिश्चित गर्नेछौं कि हामीले हटाएका खाताहरू नियम उल्लंघन गर्नेहरू माथि हो । यसको लागि हामीले फलोअर्सको संख्यामा कमी आउन सक्ने गरी योजना बनाएका छौं ।' एक्सबाट सबै नक्कली खाता मेटाउने निर्णय लिइएको हो, जब एलोन मस्कले नि:शुल्क सदस्यता प्रदान गर्ने घोषणा गरेका थिए । वास्तवमा केही दिन अघि एलोन मस्कले आफ्नो प्लेटफर्म एक्सको नि: शुल्क सदस्यता दिने घोषणा गरेका थिए, जसको लागि उनले शर्त राखेका थिए । आफ्नो खातामा २५०० भन्दा बढी फलोअर भएका प्रयोगकर्ताहरूले एक्सको प्रिमियम सेवा नि: शुल्क प्राप्त गर्नेछन्, जसमार्फत उनीहरूको खातामा निलो टिक पनि लगाइनेछ । एकै साथ प्रयोगकर्ताहरू जसका फलोअरहरूको संख्या कम्तिमा ५ हजार वा त्यो भन्दा बढी हुनेछ । एक्सको प्रिमियम प्लस सेवामा नि:शुल्क पहुँच प्राप्त हुनेछ ।

*-डिसी नेपाल डटकम*

# अब गुगलमा सर्च गरेको पनि पैसा लाग्ने




गुगलले लामो समयदेखि आफ्नो सेवा नि:शुल्क दिइरहेको छ । तर अब भने यसले प्रिमियम ल्याउने विचार गरिरहेको छ । कम्पनीले सर्च गर्ने यूजरलाई पनि पैसा तिराउने भएको छ । एउटा खबरका अनुसार अनुसार गुगलले आफ्नो जेनेरेटिभ सर्च अर्थात् सर्च जेनेरेटिभ एक्सपिरियन्स (एसजीई)लाई सशुल्क बनाउन लागेको छ । यो सेवा आएपछि प्रयोगकर्ताले एआई रिजल्टका लागि पैसा तिर्नुपर्नेछ ।

गुगलले आफ्नो एआई सर्च टुलका लागि पैसा लिने विचार गरिरहेको फाइनान्सियल टाइम्समा छापिएको खबरमा बताइएको छ । यस विषयमा गुगलको तर्फबाट भने अहिलेसम्म कुनै आधिकारिक बयान आएको छैन । धेरैजसो एआई कम्पनीहरूले आफ्नो एआई टुलका लागि पैसा लिइरहेका छन् । कम्पनीहरूले एआइ टुलको विकास गर्न ठुलो खर्च गरेका छन् । सो खर्चको भर्पाई गर्न कम्पनीहरूले पैसा लिइरहेका छन् । खबरका अनुसार गुगलको सामान्य सर्च इन्जिन भने सधैँका लागि नि:शुल्क नै रहनेछ । तर जेनेरेटिभ एआई सर्चको प्रयोग गर्दा भने पैसा लाग्नेछ । गुगल एप खोल्दा कुनामा रातो डट भएको जार देख्नुहुन्छ नि यही नै जनरेटिभ एआई खोज हो । गुगलले यूजरहरुलाई प्रिमियम सेवा दिन विज्ञापन मुक्त सर्च टुलमा पनि काम गरिरहेको बताएको छ ।

*-रातोपाटी डटकम*

# एनसेलले गर्‍यो लुम्बिनी र बागमती प्रदेशमा फोर-जी सुधार




एनसेलले लुम्बिनी र बागमती प्रदेशका विभिन्न जिल्लाका स्थानीय तहमा आफ्नो फोर-जी सेवामा सुधार गरेको छ । यो सुधारले यी क्षेत्रका सात जिल्लाका एक दर्जनभन्दा बढी स्थानका ग्राहकहरूलाई अझ सुधारिएको नेटवर्क र फोर-जीको गतिमा पहुँच सुनिश्चित गरेको एनसेलले जनाएको छ । एनसेलले फोर-जी सेवा सुदृढ गरेका स्थानमा बागमती प्रदेशको चौतारा साँगाचोक गढी, थाहा, इन्द्रसरोवर र मन्थली पर्छन् । त्यस्तै लुम्बिनी प्रदेशका भुमेकास्थान, चन्द्रकोट, मालारानी, माथागढी, प्युठान, रम्भा, सन्धिखर्क, तानसेन र तिनाउमा सेवा सुधार गरिएको छ ।

यसअघि एनसेलले लुम्बिनी प्रदेशको बुटवल, देवदह, घोराही, लुम्बिनी विकास क्षेत्र, नरैनापुर, ओमसतिया, सैनामैना, सिद्धार्थनगर, सुनवल, तिलोत्तमा र तुलसीपुरमा फोर-जी सेवा सुधार गरेको थियो । 'फोर-जी सेवा विस्तार गरी आधुनिक मोबाइल ब्रोडब्यान्डमा सहज पहुँच सुनिश्चित गराउने प्रतिबद्धता अनुरूप गत माघमा मधेस र गण्डकी प्रदेशमा पनि आफ्नो फोर-जी सेवामा थप सुधार गरेको थियो,' एनसेलले भनेको छ, 'देशका विभिन्न भागमा विस्तारित फोरजी सेवालाई सुधार गर्न कम्पनी प्रतिबद्ध छ ।' योसँगै एनसेलले ग्राहकले सुलभ दरमा मोबाइल ब्रोडब्यान्डको पहुँचबाट लाभ लिन सक्ने गरी विभिन्न अफर पनि ल्याइरहेको छ । कम्पनीले तीन वटा डबल मजा प्याकहरू सञ्चालनमा छन् । १५० रूपैयाँमा सुरू हुने यो प्याकमा ग्राहकले प्याकको म्याद समाप्त हुनुअघि फेरि सोही प्याक किनेमा डबल डेटा बोनस प्राप्त गर्न सक्छन् । त्यस्तै, लोकप्रिय इन्डिया रोमिङ प्याकमा २५ प्रतिशत छुट छ । यो अफर अन्तर्गत ग्राहकले अझ सुलभ शुल्कमा भारत भ्रमणका बेलामा सजिलै दूरसञ्चार सेवाबाट फाइदा लिन सक्ने कम्पनीको भनाइ छ । 'आधुनिक प्रविधि र नेटवर्कमार्फत विश्वस्तरीय सेवा र ग्राहक अनुभव प्रदान गर्ने प्रतिबद्धता बमोजिम एनसेलले ग्राहकलाई उच्च गतिको मोबाइल ब्रोडब्यान्डमा पहुँच सुनिश्चित गर्दै जेठ २०७४ मा काठमाडौं उपत्यकाबाट फोर-जी सेवा सुरू गरेको थियो,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हाल यो सेवा ७७ वटै जिल्लामा विस्तार भइसकेको छ ।' नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्यांक अनुसार एनसेलको फोर-जी सेवा प्रयोग गर्ने ग्राहक संख्या गत असोजसम्म ६८ लाख ८५ हजार छ । त्यस्तै भिजिटर लोकेसन रजिस्टर (भिएलआर) तथ्यांकका आधारमा एनसेलको बजार हिस्सा ५४.०६ प्रतिशत भएको एनसेलले जनाएको छ । 'सेवामा विस्तार साथै कम्पनीले विभिन्न जिल्लाका टावरमा फोर-जी क्षमताको स्तरोन्नति पनि गर्दै आएको छ,' कम्पनीले भनेको छ ।

*-सेतोपाटी डटकम*

# आईटीमा नेपाल 'टेक्नोलोजी हब' बन्न सक्छ !



नेपालबाट सूचना प्रविधि (आईटी) सम्बन्धी वस्तु तथा सेवा निर्यातको प्रचुर सम्भावना रहेको सरोकारवालाहरूले बताएका छन् । बिहीबार काठमाडौंमा आयोजित सूचना प्रविधि क्षेत्रको सम्भावना र लगानी सम्बन्धी कार्यक्रम 'टेकपिक नेपाल २०२४' उनीहरूले यस्तो भनाइ राखेका हुन् । नेपाल उद्योग परिसंघ (सीएनआई), अमेरिकन चेम्बर अफ कमर्स इन नेपाल (एमचम) र आईटी क्षेत्रको गैर नाफामुखसी संस्था नास-आईटीले टेकपिक नेपाल, २०२४ को आयोजना गरेको हो । नेपालबाट आईटी सम्बन्धी वस्तु तथा निर्यातमा प्रचुर सम्भावना रहेको भन्दै लगानीका लागि आह्वान गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो । आईटी क्षेत्रबाट नेपालले आफुलाई कसरी पुँजीकरण गर्न सक्छ भन्ने विषयमा समेत कार्यक्रम केन्द्रीत थियो । कार्यक्रममा आईटी क्षेत्रका सफल उद्यमीहरूले आफ्नो सफलता सुनाउँदै यस क्षेत्रमा निकै धेरै सम्भावना रहेको बताए । अमेरिकी सेयर बजार नास्डाकमा सूचीकृत हुन लागेको एआई सम्बन्धी कम्पनी फ्युज मेसिनका संस्थापक समिर मास्केले नेपाल टेक्नोलोजीको हबका रूपमा विकास हुने विश्वास व्यक्त गरे । भारतको अनवार्ड टेक्नोलोजीका संस्थापक एवं आईटी कम्पनीको संगठन नासकमका संस्थापक सदस्य, पहिलो निर्वाचित अध्यक्ष हरिश एस मेहताले आफ्नो देशको उदाहरण दिँदै आईटी क्षेत्रमा निकै धेरै सम्भावना रहेको बताए । नेपालको प्रविधि क्षेत्रमा लगानीको सम्भवनाबारे कार्यक्रममा लगानी बोर्ड नेपालका सीईओ सुशिल भट्ट, युएसएआईडी डेपुटी निर्देशक जुदिथ अल्मोदोभार, विश्व बैंकका प्राक्टिस म्यानेजर व्यजयन्ती देसाइले समेत उपस्थित थिए । यस्तै, सीएनआईका अध्यक्ष राजेश अग्रवाल, राष्ट्रिय योजना आयोगबाट प्रोफेसर डा. शिवराज अधिकारी र सीएनआई एवं अमेरिकन चेम्बर अफ कमर्स इन नेपालबाट सन्जय गोल्छाले पनि आफनो भनाइ राखेका थिए । कार्यक्रममा ग्रेप्सरका संस्थापक अमित चौधरी, सेक्युरिटी पलका सीईओ पुकार चन्द्र हमाल, लिपफ्रोगका कैलाश विजयानन्द, क्लाउडफेक्ट्रीकी अपरेसन लिडर रोबिना महर्जन, रुमसानकी श्रृष्टी पियाले आ-आफ्नो कम्पनीको सफलता एवं आईटी क्षेत्रको अवसरबारे भनाइ राखेका थिए ।

*-बाह्रखरी डटकम*

# मैत्रीपूर्ण फुटबल : जनप्रतिनिधिलाई हराउँदै कर्मचारी विजयी

भरत शर्मा

**पाल्पा,** चैत २६/जिल्लाको रिब्दीकोट गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारीहरुबिच मैत्रीपूर्ण फुटबल प्रतियोगिता भएको छ । पालिकाले जनप्रतिनिधि र कर्मचारी बिचको सम्बन्धलाई थप सुमधुर बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरेको हो ।

खेलमा जनप्रतिनिधिलाई हराउँदै कर्मचारीको टिम विजयी भएको छ । कर्मचारीले जनप्रतिनिधिलाई ०-२ गोलले हराए । पहिलो हाफसम्म दुवै टीमबिच गोलरहित प्रतिस्पर्धा भएको खेल दोस्रो हाफको १० मिनेटमा जनप्रतिनिधिको टीमले आत्मघाती गोल गरी १ गोलले पछि परेको थियो । यसैगरी खेलको १४ औं मिनेटमा कर्मचारीहरुले पाएको पेनाल्टीलाई विनोद भूषालले सही उपयोग गरी गोल हान्न सफल भए । २ गोल आफ्नो पक्षमा पार्दै कर्मचारीको टिम विजयी भएको हो । गाउँपालिकाका प्रवक्ता



तथा वडा ६ का वडा अध्यक्ष प्रकाश रायमाझीले खेलको सुरुदेखि अन्त्यसम्म उत्कृष्ट खेल खेलेर दर्शकलाई आश्चर्य चकित पारेका थिए । जनप्रतिनिधि र कर्मचारीबिच सुमधुर सम्बन्ध कायम राख्दै आत्मियता बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको गाउँपालिका अध्यक्ष नरायणबहादुर कार्कीले बताए । खेलले आपसी भाइचार स्थापित गरी गाउँपालिका भित्रको कामकाज गर्न कर्मचारी र जनप्रतिनिधिबिच सौहार्दपूर्ण वातावरण कायम राख्न मद्दत मिल्ने प्रमुख प्रशासकिय अधिकृत मणी खनालले विश्वास व्यक्त गरे । प्रतियोगितामा विजेता तथा उपविजेता टिमलाई गाउँपालिका अध्यक्ष कार्कीले प्रमाणपत्र र मेडल प्रदान गरेका थिए ।

# आज नीमको पात खाने दिन

**पाल्पा,** चैत २६/आज नीमको पात खाने दिन । नीमलाई तीतो अमृतका रूपमा चिनिन्छ । नयाँ वर्ष सुरु हुन अगावै विगतका वर्षको तितोपनालाई चपाएर आउँदो वर्षको मिठासको पर्खाईलाई नीमको पात खाने चलनले बिम्वका रूपमा बुझाउँछ ।

नयाँ वर्षलाई स्वागत गर्ने अनेक तरिकाहरू छन् । जसमा नीमको पात खाने र तेल लगाउने तरिका एउटा परम्परागत मान्यता रही आएको छ । जुटशित्तल, सिरुवा, नयाँ वर्ष, नयाँ साल लगायत थुप्रै नामले नव वर्षलाई चिनिन्छ । कुनै पनि चाड सुरु हुन अगावै तेल लगाएर उक्त चाडको सुरुवात गर्नु एउटा परम्परागत चलन हो । होली, तिहार लगायत अन्य चाडहरूमा पनि केही दिन अगावै शरीर



र कपालमा तेल लगाएर उत्सर्गको औपचारिक सुरुवात गरिन्छ । नीमको पात खाने र तेल लगाउने कार्य नयाँ वर्षलाई स्वागत तरिका हुन् । नीम प्राचिनकालदेखि नै एउटा आयुर्वेदिक औषधिका रूपमा प्रयोग हुँदै आइरहेको छ । यो स्वास्थ्य कोलागि धेरै किसिमले फाइदाजनक छ । नीम, हाम्रो शरीर, छाला तथा कपालका लागि अत्यन्तै फाइदाजनक औषधि हो । नीमको जुसले अनुहार तथा शरीरको छालाको रङ्ग निखार्नमा विशेष भूमिका खेल्दछ । नीमको पातहरूको रस र सुद्ध महलाई दुई भाग नीमको रस र एक भाग मह अनुपातमा मिलाएर पिउनाले असाध्यै फाइदा गर्दछ । यसरी नीमको पात चपाउने र तेल लगाउने गर्दा हाम्रो शरीरको भित्री र बाहिरी दुवै तर्फ स्वास्थ्यकर हुने जनविश्वास र प्रमाणित मान्यता छ । पौराणिक कालदेखि नै नीमको रुख, यसको फाइदा अनि यस्का बहु प्रयोगका अनेक किस्सा र आयुर्वेदीय दृष्टान्तहरू पाइन्छ । नीमको पात खानाले पेटका रोगहरू हरण हुने र तेल लगाउनाले शरीर थप मजबुत हुने र मुलायम हुने विश्वास छ ।

# सडक पहुँचले नागरिकको...

...ताराखोला गाउँपालिका-५ मदमडाँडामा सडक पुगेको तीन वर्ष भयो । सडक पुगेपछि अहिले स्थानीयवासीले घरमै दैनिक उपभोग्य सामग्री किनमेल गर्न पाएका छन् । जिल्लाको विकट गाउँ मानिने मदमडाँडामा लामो समयपछि सडक पुग्दा स्थानीयको दैनिकीनै बदलिएको छ । म्याग्दीको सिमानासँग जोडिएको यो ठाउँ पर्यटकीय हिसाबले निकै महत्वपूर्ण छ । स्थानीय सरकार आउनुपूर्व मदमडाँडासँगै ताराखोला गाउँपालिकाले धेरै गाउँमा सडक पुगेका थिएनन् । गाउँपालिकाले अहिले गाउँसँगै अधिकांश बस्तीमा समेत सडक पुऱ्याएको छ । बस्तीमै सडक पुगेपछि स्थानीयवासी खुसी भएका छन् । गाउँमा सडक आएपछि गाउँलेहरुले जीवनशैलीनै बदलिएको स्थानीयवासी प्रेमबहादुर घर्तीले बताए । बजारभन्दा गाउँ निकै टाढा हुँदा यहाँका सयौं नागरिकले घण्टौं लगाएर नून, तेल जोहो गर्नुपरेको घर्तीले स्मरण गर्दै अहिले घर-घरमा दोकान खुलेको बताउँछन् । ताराखोला गाउँपालिका आलु र भाँगो उत्पादनमा उर्वर मानिन्छ । गाउँ बस्ती सडक सञ्जालले जोडिएपछि यहाँ उत्पादन भएका कृषि उपज वस्तु बजारीकरणमा सहज भएको उनको भनाइ छ । सडकको पहुँच नहुँदा किसानले उत्पादन गरेका आलु, सिमी र भाँगो बजारमा बिक्री गर्न सकिएको थिएन । तर अलिहे सहज भएको घर्तीको भनाइ छ ।

"यो गाउँभन्दा तल फेँदी छ, त्यहाँ त १० वर्ष अगाडि सडक आएको थियो, यहाँबाट फेँदी पुगेर सामान ल्याउने गर्थ्यौं, त्यसभन्दा पहिला त बागलुङ बजार हटिया बजार जानुपर्थ्यो, त्यहाँ जान एक दिन लाग्ने गर्थ्यो, अहिले त सामान घरमै आउँछ, गाडी पनि गाउँमै आउँछन्, उतिबेला त महिनौंका लागि सामान बजार गएको बेला एकै पटक ल्याउनुपर्थ्यो, अहिले त्यो समस्या छैन' उनले भने । सडकले गाउँ मात्रै जोडेको छैन, यसले त गाउँलेलाई आम्दानीसँग जोडेको घर्तीको बुझाइ छ । 'ताराखोलामा धेरैजसो किसानको बसोबास छ, उनीहरुले धेरै थरीका खाद्यन्न उत्पादन गर्दै आएका छन्, अहिले पहिलेको जस्तो बिक्री नहोला भन्ने चिन्ता हुँदैन', उनले भने । पछिल्लो समय बागलुङको १० वटा पालिकाका ८५ वटै वडा र बस्तीसम्म सडकको पहुँच पुगेको छ । कतै अहिलेसम्म नयाँ ट्र्याक खुलाउने चरणमा छन् भने कतै स्तरोन्नति हुन थालेको छ । विकट पालिकामध्ये तमानखोला गाउँपालिका पनि एक हो । तमानखोला गाउँपालिकाले ६ वटै वडाको बस्ती-बस्तीसम्म सडक पुऱ्याएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताए । उनले अघिल्लो कार्यकालदेखि नै सबै बस्तीमा सडक पुऱ्याउनका लागि ठूलो लगानी गर्दै आएको बताए । अहिले सडक नपुगेको बस्तीनै नभएको अध्यक्ष बुढा मगर बताउन्छन् । उनी भन्छन्, 'एकदेखि अर्को गाउँ पुग्न अग्ला-अग्ला पहाड छिचोल्नुपर्छ, खोलानाला पार गर्नुपर्छ । नागरिकको सहजताका लागि सडकको पहुँच हुनुपर्छ भन्ने हिसाबले लगानी गरिएको हो । अहिले सडकले नजोडिएको गाउँ छैन ।' उनका अनुसार बर्खामा यातायात सञ्चालन गर्न असहज भए पनि हिउँदमा कुनै समस्या छैन । सडकको पहुँचले नागरिकको दैनिकीसमेत बदलिएको छ ।" *-रासस*

स्थानीय सरकार
इस्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**सूचना प्रकाशित मिति २०८०/१२/२२**

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत Jharana Damilka Gurba Harpukot Sadak Ward–1 निर्माण गर्ने कार्यका लागि मिति २०८०/११/२९ गतेका दिन प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धित सबै फर्मको जानकारीकालागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का न. | विवरण | निर्माण कम्पनि | कबोल रकम |
|---|---|---|---|
| OIRM/GUL/SQ/80/81-14 | Jharana Damilka Gurba Harpukot Sadak Ward-1 | श्री TalegharConstruction and Suppliers Pvt. Ltd.Bhaktapur-3 | रू ६,६३,४३१.८८ (भ्याट र पि. एस. बाहेक) |

*प्रमुख प्रशासकीय अधिकृत*

Tansen Municipality
Office of the Municipal Executive
Tansen, Palpa

## Invitation for Online Bids

**Date of publication: 2080/12/27 ( April 09, 2024)**

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**

**Information to deposit the cost of bidding document in Bank :**
**Name of the Bank:** Rastriya Banijya Bank Ltd., Palpa
**Name of the Office :** Tansen Municipality Office, Tansen, Palpa
**Rajaswa Account No. :** 3030100301010004
**Bid Validity Period :** 45 days
**Bank details for Bid security ( If Cash deposit) :** Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.

| S. N | Contract No. | Name of Project | Estimated Amount inclusive VAT and contingency | Price of Bid Document , NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | TM/PLP/W/SQ/01/2080-081 ( Second Notice) | Building Construction work at tansen ward 11 building(Floor maintenance Work) | 14,47,659.60 | 1000.00 | 40000 | 2081/01/12 12.00 Pm (24 April 2024) |
| 1 | TM/PLP/W/SQ/02/2080-081 | Kalimati Tinkhanda Khet Sinchai Yojana, Tansen-8, Palpa | 9,99,455.02 | 1000.00 | 25000 | |
| 2 | TM/PLP/W/SQ/03/2080-081 | Tribhuvan Multiple Campus Infrastructure Conservation Work, Tansen-4, Palpa | 9,99,490.16 | 1000.00 | 25000 | |
| 3 | TM/PLP/W/SQ/04/2080-081 | Truss constraction Work above Tansen ward no. 3, Ward office Building, Tansen-3, Palpa | 6,99,631.76 | 1000.00 | 18000 | |
| 4 | TM/PLP/W/SQ/05/2080-081 | Kailashnagar Sewer Drain Construction Work, Tansen-5, Palpa | 5,00,140.03 | 1000.00 | 13000 | |
| 5 | TM/PLP/W/SQ/06/2080-081 | Kalapani Ranatole, Birta Shantitole Lift Water Supply Construction and Maintenaince Work, Tansen-8, Palpa | 5,50,190.87 | 1000.00 | 14000 | |
| 6 | TM/PLP/W/SQ/07/2080-081 | Holangdi Sewer Drain and Bus parking construction Work, Tansen-4, Palpa | 5,92,207.72 | 1000.00 | 14000 | |
| 7 | TM/PLP/W/SQ/08/2080-081 | Public Toilet Construction Work, Tansen-11, Tinlakuri, Palpa | 5,18,661.80 | 1000.00 | 13000 | |
| 8 | TM/PLP/W/SQ/09/2080-081 | Laharepipal Health post Boundary Construction Work and School Painting Work, Tansen-6, Palpa | 5,99,904.00 | 1000.00 | 14000 | |

*Chief Administrative Officer*
*Tansen Municipality Office*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई